# नेपाल फाईनान्स लिमिटेड
# Nepal Finance Limited

"नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्रप्राप्त संस्था"

**मुख्य कार्यालय :** कमलादी, काठमाडौं

फोन नं.: ०१-४५४५८८५/०१-४५४५८८६

इमेल : info@nepalfinance.com.np, बेभसाइट : www.nepalfinance.com.np


## ३१ औं बार्षिक साधारण सभा सम्बन्धी सूचना

दोश्रो पटक प्रकाशित मिति २०८०/०९/१३

**आदरणीय श्री शेयरधनी महानुभावहरु**

यस वित्तीय संस्थाको मिति २०८०/०८/२८ गते बसेको सञ्चालक समितिको ३७८ औं बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको एकतिसौं बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न बिषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने स्थान, मिति र समय**

**सभा हुने मिति :** २०८० साल पौष २० गते (तदनुसार ५ जनवरी २०२४) शुक्रबार ।

**स्थान :** होटल एल्लो प्यागोडा, कान्तिपथ, काठमाण्डौ (माछापुच्छ्रे हल) ।

**सभा शुरु हुने समय :** विहान ११:०० बजे ।

**छलफलका विषयहरु:**

**(क) साधारण प्रस्तावहरु:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने समग्र वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरिक्षण प्रतिवेदन सहितको आ.ब. २०७९/०८० को वासलात, २०७९/०४/०१ देखि २०८०/०३/३१ सम्मको नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण (संलग्न अनुसूचीहरु सहित) को छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०८०/०८१ को लेखापरिक्षण गर्न लेखापरिक्षण समितिको सिफारिस अनुसार लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरिक्षक एस.ए.आर. एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)

**(ख) विशेष प्रस्ताव:**

१. संस्थाले अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा संस्थाले अन्य कुनै उपयुक्त संस्थालाई प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा संस्थाको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्याङ्कन (Due Diligence Audit-DDA) गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा संस्था गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, हस्ताक्षर गर्ने, अन्तिम सम्झौता तयार पार्ने, हस्ताक्षर गर्ने लगाएतका गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

**(ग) विविध ।**

**नोट :** साधारण सभा सम्बन्धी अन्य जानकारी मिति २०८० मंसिर २९ गते शुक्रबारको अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित सूचनामा उल्लेख गरिएको छ । साथै, शेयरधनी महानुभावहरुले संस्थाको केन्द्रीय कार्यालय कमलादी, काठमाण्डौंमा उपस्थित भई बार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु निरीक्षण गर्न र प्राप्तगर्न सक्ने व्यहोरा समेत जानकारीका लागि सूचित गरिन्छ । बार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु र बार्षिक पतिवेदन संस्थाको website : www.nepalfinance.com.np मा पनि हेर्न सक्नुहुनेछ ।

सञ्चालक समितिको आज्ञाले

**कम्पनी सचिव**